# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## सेवा आयोगको कार्यालय
### रामपुर, चितवन ।

प्रथम पटक प्रकाशित मिति :- २०७१।६।३०

## विज्ञापन सम्बन्धि सूचना

**(शैक्षिक पदहरुको लागि दरखास्त आव्हान)**

**विज्ञापन नं.०१ विशेष आन्तरिक/ समावेशी प्रतियोगिता**

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत निम्न लिखित शैक्षिक पदहरुको विशेष आन्तरिक (लिखित तथा अन्तरवार्ता) प्रतियोगिता द्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका कार्यरत शिक्षकहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय रामपुर (हाल भरतपुर हाकिमचोक) चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वन गरिन्छ । दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र दरखास्त फारम बुझाउन सकिनेछ । दरखास्त फारम २०७१।६।३० गते देखि सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**आवदेन फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लव्धाङ्क पत्रहरुका प्रमाणित प्रतिलिपिहरु ।

२. अनुभवको प्रमाण पत्र : अस्थायी, करार, मासिक नियूक्ति, सरुवा बढुवा आदिको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

५. व्यक्तिगत बायोडाटा ८ प्रति ।

६. प्रकाशित कृतिहरु : सम्बन्धित विषयको पाठ्यपुस्तक, अनुसन्धानात्मक ग्रन्थ, सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन, शोध निर्देशन गरिएको प्रमाणित पत्र र प्रकाशित लेखहरु ।

७. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

८. सर्म्पक मिति : २०७१ साल पौष २७

९. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

## कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पूर्ति गर्नु पर्ने पद, विषय र संख्या

| क्र.सं. | पद | विषय | आवश्यक संख्या | खुल्ला | समावेशी |
|---|---|---|---|---|---|
| १. | उप-प्राध्यापक | माटो विज्ञान (एग्री ईन्जिनियरीङ्ग) | १ (एक) | १ | |
| २. | उप-प्राध्यापक | पशु विज्ञान (पशु उत्पादन तथा व्यवस्थापन) | १ (एक) | १ | |
| ३. | उप-प्राध्यापक | पशु विज्ञान (भेट् माइक्रोवायोलोजि) | १ (एक) | १ | |
| ४. | उप-प्राध्यापक | पशु विज्ञान (भेट् फिजियोलोजि) | १ (एक) | १ | |
| ५. | उप-प्राध्यापक | पशु विज्ञान (एनिमल ब्रिडिङ्ग) | १ (एक) | १ | |
| ६. | उप-प्राध्यापक | पशु विज्ञान (पशु पोषण) | १ (एक) | १ | |
| ७. | उप-प्राध्यापक | कृषि अर्थशाश्त्र | १ (एक) | १ | |
| ८. | उप-प्राध्यापक | कृषि प्रसार | १ (एक) | १ | |
| ९. | उप-प्राध्यापक | बाली विज्ञान | १ (एक) | १ | |
| १०. | फार्म प्रवन्धक | बाली विज्ञान फार्म | १ (एक) | १ | |
| ११. | फार्म प्रवन्धक | वागवानी फार्म | १ (एक) | १ | |
| १२. | उप-प्रशिक्षक | पि.टी.एण्ड गेम्स | १ (एक) | १ | |
| १३. | उप-प्रशिक्षक | फरेष्टी | २ (दुई) | १ | १ |
| १४. | सहायक प्रशिक्षक | अंग्रेजी | १ (एक) | १ | |
| १५. | सहायक प्रशिक्षक | खेलकुद | १ (एक) | १ | |

**उप-प्राध्यापक पदको लागि आवश्यक न्युनतम योग्यता**

१. सम्बन्धित विषयमा पीएच.डी वा प्रथम श्रेणीमा स्नाकोत्तर तह उर्तीण भई एम.फिल गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उर्तीण गरि क्याम्पस (महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा १ वर्ष पढाएको वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित विषयमा द्धितिय श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उर्तीण गरी क्याम्पस ( महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा २ वर्ष पढाएको  वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा ४ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

माटो विज्ञान (एग्री इन्जिनियरिङ्ग) विषयको उप-प्राध्यापक पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण गरि क्याम्पसमा (महाविद्यालय) एग्री इन्जिनियरिङ्ग विषय कम्तिमा ७ वर्ष पढाएको अनुभव प्राप्त ।

**फार्म प्रवन्धक पदको लागि आवश्यक  न्युनतम योग्यता**

सम्बन्धित विषयमा पीएच.डी. वा प्रथम श्रेणीमा स्नातकोत्तर तह उर्तीण भई एम.फिल गरेको

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उर्तिण गरि क्याम्पस (महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा १ वर्ष पढाएको वा  सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा १ वर्ष काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित विषयमा द्धितिय श्रेणीमा एम.एस्सी वा सो सरहको परीक्षा उर्तिण गरी क्याम्पस ( महा विद्यालय) मा सम्बन्धित विषयमा कम्तिमा २ वर्ष पढाएको  वा सम्बन्धित प्राविधिक क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव प्राप्त

**उप-प्रशिक्षक पदको लागि आवश्यक  न्युनतम योग्यता**

यस विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित संकाय तर्फको सम्बन्धित विषयमा स्नातक तह उर्त्तीण गरेको र सोही विषयमा २ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

अथवा

यस विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित संकाय तर्फको सम्बन्धित विषयमा प्रमाणपत्र तह उर्त्तीण गरेको र सोही विषयमा ४ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

अथवा

प्रवेशिका उर्त्तीण भई ६ वर्ष सम्बन्धित विषयमा काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित व्यवसायमा दक्ष भएको र ७ वर्षको अनुभव प्राप्त ।

**सहायक प्रशिक्षक पदको लागि आवश्यक  न्युनतम योग्यता**

यस विश्वविद्यालयबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित संकाय तर्फको सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्त्तीण गरेको र सोही विषयमा २ वर्षको शिक्षण प्रशिक्षणको अनुभव प्राप्त ।

अथवा

प्रवेशिका उत्त्तीण भई ४ वर्ष सम्बन्धित विषयमा काम गरेको अनुभव प्राप्त ।

अथवा

सम्बन्धित व्यवसायमा दक्ष भएको र ५ वर्षको अनुभव प्राप्त

**द्रष्टव्य**

१) यो विज्ञापनमा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ को दफा (३) २ र कृषि तथा वन विज्ञान नियमावली २०६९ को नियम (४) बमोजिम समायोजन भई आएका र २०६९।६।४ भन्दा अगाडी  अस्थायी, करार र मासिक ज्यालादारीको रुपमा नियूक्ति पाई न्यूनतम शैक्षिक योग्यता पुरा भएका शिक्षक कर्मचारीहरुलेमात्र भाग लिन पाउनेछन् ।

**२) परीक्षा शुल्क**

क. उप - प्राध्यापक वा सो सरह रु. १,५००।-

ख. उप-प्रशिक्षक र सहायक प्रशिक्षकको लागि रु. १०००।-

**३) उप- प्राध्यापक/फार्म प्रवन्धक :**

उप- प्राध्यापक/फार्म प्रवन्धक पदको लागि देहायका विषय वस्तु र पूर्णाङ्कमा आधारीत ३ घण्टाको लिखित परीक्षा हुनेछ ।

**४) उप- प्रशिक्षक/ सहायक प्रशिक्षक :**

उप प्रशिक्षक /सहायक प्रशिक्षक पदको लागि देहायका विषय वस्तु र पूर्णाङ्कमा आधारित लिखित परिक्षा हुनेछ

क. सम्बन्धित विषयको ज्ञान - ८०

ख. कृ.व.वि.सम्वन्धी ज्ञान - १०

लिखित परीक्षाको मिति तथा स्थान सम्पर्क मितिको दिन कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

# परिशिष्ट-१

**समावेशीतर्फ छुट्याईएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ ।**

**१. आदिवाशी/जनजातिका हकमाः**

आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीका हकमाः**

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितका हकमाः**

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नेछ ।

**४. अपाङ्गका हकमाः**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।